IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

लैङ्गिक हिंसाको अन्त्य;
समृद्ध नेपालको गन्तव्य
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत ०९ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 22 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०६

## भूमाफियाले बनाएकै स्थानबाट ढोंगही नदी बग्न थाल्यो

प्रस, वीरगंज, ७ भदौ/
विन्दवासिनी गाउँपालिका–२ भएर दिएका थिए । तर नदीले साबिक बाटो छाडेर भूमाफियाले घुमाएकै ठाउँबाट बग्न चौहानले नदी पुनः कृत्रिम बाटो भएर बगेको आफूलाई जानकारी नभएको



भूमाफियाले बनाएको स्थलबाट बग्दै नदी । तस्वीरः प्रतीक

बग्ने ढोंगही नदी पुनः नयाँ धारबाट बग्न थालेको छ। पुरानो प्राकृतिक बहाव बन्द गरेर भूमाफियाले बनाएको नयाँ धारबाटै नदी बग्न थालेको हो ।

धार्मिक महत्त्वको ढोंगही नदी सार्वजनिक श्मशान घाट र उत्तरवाहिनी स्थलमा जेरीजस्तै बाङ्गोटिङ्गो र घुमेर बगेको थियो । प्राकृतिकरूपमा यसैगरी बगेर आएको हुँदा नदीको नक्शा पनि त्यस्तै छ। पछिल्लो समय सो आसपास वीरगंज–ठोरी हुलाकी सडकसँगै जोडिएको जग्गा भूमाफियाले खरिद गरेपछि नदीलाई सीधा पारेर घुमेको ठाउँको जमीन हडप्ने प्रयास भइरहेको छ।

उक्त क्षेत्रमा बितेको साउन महीनाको एकै रात नदीले करीब पाँच सय मिटर नयाँ बाटो बनाएको थियो । गोप्यरूपमा नयाँ ठाउँको नम्बरी जग्गाबाट बग्नेगरी नदी सोझो पारिएपछि नदी उकासको करीब दुई हजार मीटर लामो जमीन जग्गाधनीले आफ्नो जमीनमा पारेका थिए । नदीको प्राकृतिक बहाव परिवर्तन गर्न र उकासको जमीन अतिक्रमण कानूनविपरित हुने भन्दै गाउँपालिकाले तत्काल निर्णय गर्दै जनप्रतिनीधि, नेपाल प्रहरी र स्थानीय बासिन्दाको सहभागितामा नदी पुरानै धारबाट बग्न थालेको स्थानीय बासिन्दाले बताएका छन् । अहिले नदी नम्बरी जग्गामा निर्माण




गरिएको नयाँ धारबाट बगिरहेको छ।

अहिलेको धारबाट नदी बग्दा प्लटिङ गर्नेको पाँच बिघा नदीमा जाने तर २५ बिघाभन्दा बढी जमीन हात पर्छ। भूमाफियाको करतूत सफल भयो भने सार्वजनिक श्मशान घाट र धार्मिक आस्थाको उत्तरवाहिनी स्नानस्थल मासिन्छ। नदी पुरानै साबिक धार भएर बगाउनुपर्ने माग गर्दै पालिकामा पहल गरेका वडा नं. २ का अध्यक्ष सञ्जय बताए। तत्काल स्थलगत निरीक्षण गरेर वास्तविकता बुझ्ने वडा अध्यक्ष चौहानले बताएका छन् ।

गापाका प्रशासकीय अधिकृत मुन्नाप्रसाद रौनियार भूमाफियालाई कडा कारबाई हुनुपर्ने र नदीको धार पुर्न लगाई क्षतिपूर्ति समेत भराउनुपर्ने बताउँछन् । न्यायिक प्रक्रियाबाट अगाडि बढ्नुपर्ने उनको तर्क छ ।

सो सम्बन्धमा पालिका अध्यक्ष श्रीलाल साह कानूले नदी नयाँ स्थानमा बगेको कुरा थाहा भएको भन्दै सो स्थानमा बलियोसँग बाँध बाँधेर पुरानो स्थानबाट नै नदी बगाउन पालिकाले बजेटसमेत विनियोजन गरिसकेको बताए । पालिकाको निर्णयपछि पालिकाले थुनेको बाँध कसले खोल्यो भन्ने यकीन नभएको र वर्षात्को कारण पनि बाँध फुटेको हुन सक्ने उनको अनुमान छ। आउँदो महीना दिनभित्र नयाँ बहाव बन्द गरी साबिक स्थानबाट खोला बगाइने प्रतीकसँगको कुराकानीमा अध्यक्ष कानूले बताएका छन् ।

जग्गा खरीदकर्तामध्येका रामनारायण ठाकुरले पालिकाको निर्णय मानेको र पछिल्लोपटक बाँध भत्काउने कार्य जग्गाधनीहरूबाट नभएको बताएका छन् ।

## निकुञ्जको आदेशमा वीरगंज-ठोरी हुलाकी सडकको काम रोकियो

माधव तिमल्सिना, ठोरी, ८ चैत/
वीरगंज–ठोरी हुलाकी सडकमार्गको काम द्रुत गतिमा भए पनि पछिल्लो चरणमा २२ किलोमिटरभन्दा बढी काम बीचमा रूख राखेर कालोपत्र गर्नुपरेको बताए । चितवन राष्ट्रिय निकुञ्जका



वीरगंज–ठोरी हुलाकी सडकखण्ड अन्तर्गत ठोरी गापा–३ को शिकारीवासमा सडकको बीचमा रुख । तस्वीरः प्रतीक

काम दुईजना ठेकेदारले गर्दै आएपनि निर्धारित समयमा यसपटक पनि काम सम्पन्न हुन सकेको छैन ।

सन् २०२० डिसेम्बरसम्म सडक निर्माणको काम सम्पन्न गर्नुपर्ने सम्झौता रहेकोमा लकडाउनको कारण तीन महीना थप गरी सन् २०२१ मार्चसम्मको अवधि प्रदान गरेको थियो । तर अहिलेसम्म वीरगंजदेखि चमरीसम्म ३० किलोमिटर सडकखण्डमध्ये २० किलोमिटर मात्र सडक कालोपत्र भएको छ । पप्पु कन्स्ट्रक्शनले लिएको यो काम ढिला हुनुमा मुआब्जा विवाद प्रमुख रहेको ठेकेदार कम्पनीले जनाएको छ। मुआब्जाको काम सम्पन्न गर्न ढिला भएकोले सडक निर्माणमा ढिला भएको बताइएको छ । चमरीटोलदेखि ठोरीको चौतारासम्म ३० किलोमिटर सडकको काम कालिका/बानिया जेभी कन्स्ट्रक्शनले लिएको छ ।

पहिलो चरणमा यो सडकखण्डको सम्पन्न भएको छैन । चितवन राष्ट्रिय निकुञ्जको बफरजोन एरिया पर्ने भएकोले एक साताभन्दा बढी समयदेखि निकुञ्जले सडक निर्माणको काम रोकेको छ ।

ठोरी गापाका प्रमुख पिएल श्रेष्ठले वडा नं. १ र २ मा सडक निर्माणको कामलाई राष्ट्रिय निकुञ्जले रोकेको बताए। उनले ८ किलोमिटर बाँकी सडक निर्माणको लागि हुलाकी सडक कार्यालयका डिभिजनल इन्जिनीयरको ध्यानाकर्षण गराउँदा निकुञ्जले काम रोक्न पत्राचार गरेको बताए । बफर जोन (मध्यवर्ती क्षेत्रमा) हुलाकी सडक परेकोले यस अघि ठेकेदारले निकुञ्जसँग सडकखण्डको बीचमा परेका रूख कटान गर्न इजाजत माग्दा अहिलेसम्म नदिएको कारण बीच सडकमा सालको रूख छाडेर कालोपत्र गर्ने काम गरिएको छ ।

ठेकेदार कम्पनीका उद्धव न्यौपानेले बारम्बार ताकेता गर्दा रूख कटानको इजाजत नलिएको कारण सडकखण्डको संरक्षण अधिकृत मणिनाथ बरालले रूख कटानको लागि निकुञ्जले निर्णय गर्न नसक्ने बताए। उनले निकुञ्जभित्र रूख कटानको लागि मन्त्रीस्तरीय निर्णय हुनुपर्ने र सो नहुँदा कटानको इजाजत नदिएको प्रस्ट्याए ।

वीरगंज–ठोरी हुलाकी सडकको बीचमा रहेका विद्युत् पोलहरू भने हटाइएको छ। सयौंको सङ्ख्यामा रहेका विद्युत् पोल र निकुञ्जको सालका रूखहरूले सडक निर्माणमा ढिलाइ भएको थियो । विद्युत् पोल हटिसकेको छ तर सालका १६ वटा रूखहरू हटाउन नसक्दा सडकको मध्यमा पारेर कालोपत्र गरिएको छ । बीच सडकमा रहेका रूखहरू हटाउने वा त्यो असजिलोको व्यवस्थापन नगर्ने हो भने यसले दुर्घटना हुन सक्ने सम्भावना बढी छ । रातिको अँध्यारोमा सवारीसाधनले कालोपत्रे सडकमा उभिएको सालको रूख ठम्याउन नसकेर दुर्घटना हुने देखिएको छ ।

## थरूहट क्षेत्रका किसानहरू चैते धान रोपाइँमा व्यस्त

प्रस, सेढवा, ८ चैत/
पर्साको उत्तर-पश्चिम क्षेत्र गाउँपालिकामा किसानहरू चैते धान खेती गर्न शुरू गरेका हुन् । लगाएका किसानहरूले सो खेती भित्र्याएपछि चैते धान रोपाइँ शुरू गरेका




थरूवानमा चैते धान रोपाइँ शुरू भएको छ । ठोरी, जीराभवनी, पटेर्वासुगौली हर्दिनाथ १४४२ चैते धान रोपाइँ भइरहेको छ । तेलहन र सुर्ती बाली हुन् । जीराभवानी गापा–१ शान्तिनगर

(बाँकी अन्तिम पातामा)

## ७ महीनामा १४ करोड असुली

प्रस, पोखरिया, ८ चैत/
नेपाल विद्युत् प्राधिकरण पोखरिया साढे ३५ हजार ग्राहक रहेको पोखरिया वितरण केन्द्रबाट रु १४ करोड महसूल



पोखरिया वितरण केन्द्रका प्रमुख उपेन्द्र राय । तस्वीरः प्रतीक

वितरण केन्द्रमा सात महीनामा रु १४ करोड महसूल सङ्कलन भएको छ ।

वितरण केन्द्र प्रमुख उपेन्द्र रायले साउनदेखि फागुनसम्म सात महीनामा सङ्कलन भएको बताए। उनले पोखरिया वितरण केन्द्र स्थापना भएदेखि अहिलेसम्म रु ३८ करोड बक्यौता रहेको बताएका छन् ।

बक्यौता सङ्कलनको लागि सातामा दुईपटक अभियान शुरु गरिंदै आएको उनले जानकारी गराए । विद्युत् लाइन काट्ने, ताकेता गर्ने जस्ता कामहरु जारी रहेको उनले बताए । यसैगरी विद्युत् चुहावट नियन्त्रणका लागि दैनिक अभियान सञ्चालन गरिएको प्रमुख रायले बताए ।

यो क्रममा कारबाई गरेर रु ९४ लाख ८५ हजार असुलेको उनले बताए। उनले ७ महीनामा एक सयजनाको विद्युत् लाइन काटिएको उनीहरुबाट रु १८ लाख ११ हजार महसूल उठाएको जानकारी दिए।

उनले सात महीनाको अवधिमा २२ जनालाई पक्राउ गरिएको, दुईवटा टेलिभिजन, २० वटा पानी तान्ने मोटरपम्प, २९ वटा मिटर, तीनवटा कटर मेशिन बरामद गरेको र सोबाट रु ३ लाख ९७ हजार रकम असुल भएको जानकारी गराए ।

पोखरिया वितरण केन्द्रले पर्सा जिल्लाको वीरगंज महानगरबाहेक १३ वटा पालिका हेर्दै आएको छ ।

**जिन्दगी सजिलो हुँदैन, आफैंलाई बलियो बनाउनुपर्छ। सही समय कहिले आउँदैन, आएको समयलाई सही बनाउन सक्नुपर्छ।**

**- विचारसार र सूक्तिहरू**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
online: eprateekdaily.com


# स्वार्थ कि कार्यक्षमताको कमी ?

**सरकारले नागरिकलाई सुविधा दिनका लागि विभिन्न नीतिहरू प्रतिपादित गरेको छ, तर कहीं कतैबाट पनि त्यसको निरन्तर परिपालना र कार्यान्वयन भएको सुनिंदैन। जुनसुकै क्षेत्र होस्, सरकारको जुनसुकै निकाय होस्, सरकारी नीतिको अक्षरशः पालना भएको पाइँदैन। अब त नेपालमा सरकारी मात्र होइन, निजी क्षेत्रमा पनि तय नीति अनुसार काम हुने गरेको पाइँदैन। जुन काम हुनै पर्ने हो, त्यसमा सबै ठाउँमा व्यवधान खडा गरेको देखिन्छ। यहाँ ज्येष्ठ नागरिकसम्बन्धी सरकारप्रदत्त सुविधामा चर्चा गर्न खोजिएको छ। सरकारले ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता दिने कुरा गरेको छ, एक लाखसम्मको निश्शुल्क स्वास्थ्य बीमा पनि गरिदिएको छ, तर त्यो सुविधा समयमा प्राप्त भएको आजसम्म कसैले सुनेको छैन। कतिपय ठाउँमा त त्यो सुविधामा पनि कटौती भएको पाइन्छ। स्वास्थ्य बीमा सुविधा त झन् दुष्कर छ। बीमाको माध्यमले सरकारले स्वास्थ्य परीक्षण तथा औषधि निश्शुल्क भनेको त छ, तर सरकारले तोकेको अस्पताल तथा फार्मेसीमा न सेवा पाइन्छ न औषधि नै। अन्य ठाउँबाट त्यस्तो सुविधा कि प्राप्त गर्नै सकिन्न वा अन्यत्र प्राप्त गर्नुपर्ने नियम यति झन्झटिलो छ कि सरोकारवाला व्यक्ति आफैं पैसा तिरेर यी सुविधा लिन्छ, झन्झट मोल लिन चाहँदैन।**

**कुरा ज्येष्ठ नागरिकको मात्र होइन, सरकारले सुविधा दिएको अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित जसले पनि यस्तो सुविधा पाएका छन्, ती सबैको यस्तै हविगत छ। सरकारसँग मेशिनरी छ, सरकारसँग दिनुपर्ने सुविधाको सूची छ, लक्षित समूहको गणना छ, अनि किन कात्तिकमा पाउने सामाजिक सुरक्षा भत्ता पाउन फागुन, चैत कुर्नुपर्ने ? यी सुविधा पाउने वर्गका अधिकांश व्यक्तिलाई सरकारको यस निर्णयले जिउने आशा त दिएको छ, समाज र परिवारमा सम्मान दिएको छ, तर सुविधा लिनको लागि जुन भुक्तमान बेहोर्नुपर्छ, त्यसले नागरिकको आत्मबलको ह्रास गराएको छ, मानिसलाई याचक बनाइदिएको छ। सामाजिक सुरक्षा भत्ता लिन जुन परिश्राट बेहोर्नुपर्छ, त्यसले व्यक्तिलाई कदाचित सम्मान दिएको छैन। आज प्रविधिले यति विकास गरिसकेको छ कि कुनै पनि काम अति शीघ्र र कसैलाई सास्ती नदिई सम्पन्न गर्न सकिन्छ। किन सरकारले सोझै व्यक्तिको बैंक खातामा पैसा नहालेर विभिन्न पालिकाहरूमार्फत दिन्छ ? भुक्तानीको लागि जति बढी निकायलाई माध्यम बनाइन्छ, त्यति नै बढी समय लाग्ने र अनियमितताको सम्भावना बढ्छ। स्वास्थ्य बीमाको पनि त्यस्तै हविगत छ। सरकारी अस्पतालहरूमा कहिले पनि विशेषज्ञ रहँदैनन्। उनीहरूले निजी अस्पतालमा रेफर गर्छन्। अनि निश्शुल्कको लागि जेलिएको बाटो अख्तियार गर्ने कि खल्तीको पैसा रित्याउने ?**

**देशमा प्रविधि छ, प्राविधिकहरूको पनि आज कमी छैन, तर प्रविधिको उपयोग गर्न कोही तम्सँदैन। किंवा मानिसलाई जति पिरोल्न सक्यो, आफ्नो अहम् त्यति नै सन्तुष्ट हुने सरकारी कर्मचारीहरूको परपीडक मनोविज्ञान विकसित भएको हो, बुझ्न गाह्रो भएको छ। एउटा कुरा त पक्का छ, नेपालमा के निहु पाउँ र कनिका बुकाउँ भन्ने प्रवृत्तिबाट कर्मचारीतन्त्र पीडित छ। त्यसो गर्न पाए भ्रष्टाचारको बाटो फराकिलो हुन्छ। भ्रष्टाचारको बाटो फराकिलो हुनुको अर्थ हो, कर्मचारीको सुखसयलमा वृद्धि। अन्यथा सरकारको निहित उद्देश्यपूर्ति त सहज र सरल तरीकाले समयमा लक्षित समूहलाई राहत प्रदान गर्नु नै हो।**

# पाठ्यपुस्तकमा सीमित शिक्षा

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

> **किन व्यवस्थाले केटाकेटीहरूलाई आफ्नो तरीकाले सोच्ने, बुझ्ने स्वतन्त्रता र अवसर दिन चाहँदैन ? के एउटा निर्धारित पाठ्यक्रम नै उसको साध्य हो ? हामी किन केटाकेटीहरूलाई उनीहरूको रुचि अनुसारको विषयवस्तु पढ्न र गर्न दिँदैनौं ?**

हाम्रो देशको शिक्षाको सबैभन्दा ठूलो कमजोरी के हो भने आजसम्म हामीले शिक्षालाई जीवनसँग जोड्न सकेका छैनौं। विद्यालय र बाह्य जीवनमा आज पनि ठूलो अन्तर रहेको छ। शैक्षिक बहस र शैक्षिक दस्तावेजमा विद्यालय र किताबी शिक्षालाई बाह्य जीवनसँग जोड्ने सवाल पटक-पटक उठाइ तापनि व्यवहारमा हालसम्म लागू भएको पाइँदैन। हामी आजसम्म पनि न विद्यालयबाट बाहिर निस्कन सकेका छौं, न पाठ्यपुस्तकको कैदबाट। भनिन्छ सिकाइ जीवनभरि चलिरहने प्रक्रिया हो, जुन विद्यालय बाहिर पनि चलिरहन्छ। तर व्यवहारमा औपचारिक शिक्षण संस्थानमा बाहिरबाट प्राप्त ज्ञानलाई त्यत्ति महत्त्व दिइँदैन। केटाकेटीहरूको सन्दर्भमा कुरा गर्दा ज्ञानलाई पाठ्यपुस्तक र सिकाइलाई विद्यालयसम्म सीमित गरिएको पाइन्छ। परीक्षामा राम्रो ग्रेड हासिल गर्नु नै पढाइ-लेखाइको सार्थकता मानिन्छ र जुन सूचना वा तथ्यले परीक्षामा राम्रो ग्रेड हासिल गर्न सघाउँछ त्यसलाई नै हाम्रो समाजमा ज्ञानको दर्जा प्राप्त हुन्छ।

यदि यो गलत हो भने लकडाउनको बेला अनलाइन शिक्षाको निहुँमा औपचारिक शिक्षा पस्किने होड हुँदैनथ्यो। यदि यो सत्य होइन भने कोरोनाकालको अभूतपूर्व बेलामा समेत केटाकेटीहरूलाई निर्धारित पाठ्यक्रम कसैले पढाउने थिएन। कोरोनाकालमा पनि हामीले के हेर्‍यौं भने अनलाइन शिक्षाको बोझ केटाकेटीहरूलाई बोक्न लगाई घरलाई नै विद्यालय बनाइएको थियो भने ज्ञानको नाउँमा पाठ्यपुस्तकमा भएको सूचना र तथ्य घोक्नु नै पढाइ। हुनु त के पर्थ्यो भने कोरानाकाललाई एउटा अवसरको रूपमा लिई महामारीको निहुँमा विश्वको राजनीति, अर्थव्यवस्था, इतिहास, भूगोल, विज्ञान, समाज, संस्कृति आदि विषय सम्बन्धमा केटाकेटीहरूको ज्ञान विकसित गराइन्थ्यो। तर विडम्बना के हो भने हाम्रो पाठ्यक्रममा अलिकति पनि परिवर्तन भएन। हामीले महामारीपूर्व जसरी र जे पढाउँन्थ्यौं त्यही कुराहरू त्यसैगरी अनलाइनमा पनि घोकाउने प्रयास गरिरह्यौं।

लकडाउनको प्रारम्भिककालदेखि नै केटाकेटीहरू घरमा कैद भएको बेला आआफ्नो अभिभावकसँग मिलेर केही न केही रचनात्मक गतिविधिमा संलग्न भइसकेका थिए। केटाकेटीहरू आफ्नो रुचिको कार्यमा व्यस्त थिए। कोही आफूले मनपराएको किताब पढिरहेका थिए भने कोही मन परेको फिल्म हेर्न व्यस्त थिए। कोही चित्र कोरिरहेका थिए भने कोही क्राफ्ट बनाउने काममा संलग्न थिए। केटाकेटीहरू आमालाई भान्साकोठामा सघाइरहेका थिए भने बुवालाई सानो बगैंचा वा सरसफाइमा। यसैगरी केटाकेटीहरू अन्य रचनात्मक कार्यमा जुटेका थिए तर अनलाइन शिक्षाको सूचना जारी हुनासाथ केटाकेटीहरूको खुशी र सिकाइ बन्द हुन थाल्यो। अनलाइन शिक्षाले यी सबै कुरामा ब्रेक लाग्यो। केटाकेटीहरूको रचनात्मकता फुर्र भयो। केटाकेटीहरू पाठ्यपुस्तकको अभ्यास गर्न र नोट्स बनाउन थाले। ससाना कक्षाका केटाकेटी पनि अनलाइन कक्षामा व्यस्त भए। जुन विद्यार्थीलाई पहिले आमाबुवाले मोबाइल दिंदैनथे उनीहरू पनि हातमा मोबाइल समातेर र टाउको तल गरेर एकटक हेरिरहेको पाइयो। लकडाउनमा प्राप्त छुट्टीको आनन्द अनलाइनले गर्दा समाप्त भयो। टिभी, लैपटप र मोबाइलबाट केटाकेटीहरूमा पर्ने दुष्प्रभावको कुरा कहाँ लुप्त भयो थाहा नै भएन। यस्तै एउटा अनुभव कुनै विद्यालयको ह्वाट्सएपमा संलग्न केटाकेटीहरूसँग भयो। भयो के भने अनलाइन कक्षा प्रारम्भ नभएसम्म केटाकेटीहरू त्यस समूहमा भइरहेको हरेक गतिविधिमा सक्रियतापूर्वक भाग लिइरहेका थिए तर जसै अनलाइन कक्षा प्रारम्भ भयो यस प्रकारको सक्रियातामा कमी आउन थाल्यो। कारण खोजी गर्दा केटाकेटीहरू अनलाइन कक्षामा व्यस्त भएका कारण त्यसबाट बाहिर निस्कने अवसर नै हासिल हुँदैन बताए।

जो केटाकेटी लकडाउनको बेला आफ्नो रुचि अनुसार सिकाइ गरिरहेका थिए, उनीहरूलाई अनलाइनको माध्यमले पाठ्यपुस्तकको बोझा बोक्न लगाइयो। व्हाट्सएपको माध्यमले पुस्तकको पाठ र अभ्यास पठाउन थालियो। जवाफको स्क्रीनशट, अडियो-भिडियो पठाउन थालियो। यी कुराहरूलाई केटाकेटीहरूले आआफ्नो उत्तरपुस्तिकामा सार्ने काम गर्थे। ती कुराहरू घोक्न लगाइन्थ्यो। विषयगत शिक्षकहरूद्वारा उनीहरूलाई गृहकार्य दिन थालियो। विद्यालय खुलेको बेला पनि केटाकेटीहरूलाई यसैगरी काम गर्नुपर्दथ्यो। खेल्ने-उफ्रने विषयमा त कुरै नगरौं, उनीहरूलाई कम्मर सोझो गर्ने मौका पनि हुँदैनथ्यो। एउटा विषयको काम पूरा हुँदा नहुँदै अर्को विषयको काम गर्नमा लाग्नुपर्दथ्यो।

यसको पछाडि एउटै तर्क के दिइन्थ्यो भने विद्यालय बन्द भएको कारण विद्यार्थीहरूको पढाइ चौपट भएको छ र अनलाइनमा पढाइ हुँदैन भने उनीहरूको एक वर्ष खेर जान्छ। केटाकेटीहरू धेरै पछाडि पर्छन्। यस कारण केटाकेटीलाई पाठ्यपुस्तक र विद्यालयसँग जोड्नु आवश्यक छ। केही विद्यालयहरूले, खासगरी कुनै निजी विद्यालयले केटाकेटीहरूलाई विद्यालयको पोशाकमैं अनलाइन कक्षा यस कारणले लिन लगाए कि उनीहरू विद्यालयमैं भएको अनुभव गरून्। बीचबीचमा अनलाइन परीक्षा पनि लिने गरियो। पाठ्य पुस्तकमाथिको यो निर्भरता हाम्रो लागि नयाँ कुरो होइन। यो हाम्रो शिक्षाको धेरै पुरानो बीमारी हो। यस कारण हामीले आजसम्म न पढाइलाई आनन्ददायक बनाउन सक्यौं, न सिर्जनात्मक नै। यसरी सिक्ने-सिकाउने प्रक्रियामा पाठ्यपुस्तकलाई मात्र साधन बनाइयो। शिक्षक र विद्यार्थी दुवै यसबाट बाहिर निस्कन सकेनन्। लकडाउनको बेला पनि यही प्रवृत्ति कायम रह्यो।

पाठ्यपुस्तक र विद्यालय बाहिर हाम्रा केटाकेटीहरू केही सिक्न सक्दैनन् भन्ने यो हाम्रो रूढिवादी सोचको परिचायक होइन र ? वास्तविकता त के हो भने केटाकेटीहरू लकडाउनको बेला विद्यालयबाट टाढा थिए तर सिकाइबाट टाढा थिएनन्। लकडाउनको बेला पनि केटाकेटीहरू धेरै काम गरिरहेका थिए र सँगसँगै सिकाइ पनि गरिरहेका थिए। उनीहरू आफ्नो ज्ञानको सृजन स्वयं गरिरहेका थिए। नयाँ-नयाँ कुरो बनाइरहेका थिए किनभने स्वभाव अनुसार उनीहरू खाली बस्नै सक्दैनन्। यस बेला उनीहरू धेरै काम गरिरहे र सहजरूपमा सिक्दै पनि रहे। उनीहरूको सिकाइ झन् सिर्जनात्मक र विविधताले भरिएको थियो। छुट्टी र आफूले रुचाएको काम गर्ने प्रशस्त अवसरले पनि उनीहरूलाई सिक्ने धेरै अवसर उपलब्ध गराएको थियो। तर समस्या के हो भने हामी यसलाई ज्ञान मान्न तयार नै छैनौं। हामीले के बिर्सिन हुन्न भने जीवनको लागि चाहिने शिक्षा वा जीवनमा काम लाग्ने शिक्षा औपचारिक संस्थाबाट बाहिर नै हासिल हुन्छ। ध्यान दिने कुरो के हो भने कुन विद्यालयले माइकल फैराडे र एडिसनलाई आविष्कार गर्न सिकायो वा रवीन्द्रनाथ टैगोर जस्ता साहित्यकारलाई साहित्य सिर्जना गर्न ? यी केही यस्ता उदाहरण हुन् जसले के प्रमाणित गर्छ भने विद्यालय र पाठ्यपुस्तक बाहिर पनि सिक्ने थुप्रै अवसर प्राप्त हुन्छ तर औपचारिक शिक्षाले यस्ता अवसरलाई धेरैजसो मास्ने काम नै गर्छ।

आज यस्ता केही प्रश्नमाथि पटक-पटक विचार गर्नुपर्ने आवश्यकता छ। के लकडाउनको बेला कोरोनाजस्तो महामारीलाई नै पाठ्यपुस्तकको विषय बनाएर अध्ययन-अध्यापन गर्न सकिंदैनथ्यो ? के यसैलाई सिक्ने-सिकाउने माध्यम बनाएर भावी पुस्तालाई भावी जीवनको लागि जागरूक र तयार गर्न सकिंदैनथ्यो ? यसलाई तत्कालीन समय र समाजलाई बुझ्न र त्यसबाट जीवनमूल्य ग्रहण गर्ने उचित अवसर बनाउन सकिंदैनथ्यो ?

किन सिक्न-सिकाउनको लागि शिक्षालाई औपचारिक संस्था र निर्धारित पाठ्यपुस्तकमा सीमित गरिएको छ ? यस वैश्विक महामारीको बेला पनि हामी यसबाट बाहिर निस्कन सकेनौं, यसको के कारण हुन सक्छ ? किन व्यवस्थाले केटाकेटीहरूलाई आफ्नो तरीकाले सोच्ने, बुझ्ने स्वतन्त्रता र अवसर दिन चाहँदैन ? के एउटा निर्धारित पाठ्यक्रम नै उसको साध्य हो ? हामी किन केटाकेटीहरूलाई उनीहरूको रुचि अनुसारको विषयवस्तु पढ्न र गर्न दिंदैनौं ? सिकाइ पाठ्यपुस्तकबाट मात्र हुन्छ भन्ने कुरामा हाम्रो यत्रो विश्वास किन ? किन ससाना केटाकेटीहरूलाई पनि अनलाइन शिक्षासँग जोड्नु र पाठ्यपुस्तक घोकाउने आवश्यकता पर्‍यो ? के हुन्थ्यो यदि उनीहरूलाई खेल्न-उफ्रिन दिइन्थ्यो ? जुन मोबाइलबाट हामी केटाकेटीहरूलाई टाढा राखेका थियौं, उनीहरूको हातमा मोबाइल दिन हतार किन ? केटाकेटीहरूको शारीरिक र मानसिक स्वास्थ्यमा यसको नकारात्मक असबारे किन कसैले आवाज उठाएन ? सरकारले पनि जुन कुरामा पहिले प्रतिबन्ध लगाएको थियो कसको दबाबमा पछि हट्यो ? देशमा मोबाइल र इन्टरनेटको पहुँच बाहिर कति जनसङ्ख्या छ, कसैले गम्भीरतापूर्वक विचार गरेको छ ? किन अचानक अनलाइन शिक्षणको निर्देशन दिइयो ? के यस्ता निर्देशनले वर्गीय विभाजन झन् प्रस्टिंदैन ? यी केही प्रश्नहरू हुन् जसको जवाफ सबैले गम्भीरतापूर्वक खोज्नुपर्छ किनभने हतारमा लिइएको निर्णय र दिइएको निर्देशनको प्रभाव दूरगामी हुन्छ।

# नेपालमा "क्युब्स इन स्पेस नासो २०२१" आयोजना हुने

काठमाडौं, ८ चैत/रासस

अमेरिकी संस्था आइडुडल एडु इनकसँग सहकार्य गरी पहिलोपटक विद्यालय तहका विद्यार्थीका लागि 'क्युब्स इन स्पेस नासो २०२१' कार्यक्रम आयोजना गरिने भएको छ।

नेपाली विद्यार्थीका लागि अन्तर्राष्ट्रियस्तरको अवसर सिर्जना गर्ने उद्देश्यले कार्यक्रम गर्न लागिएको नेपाल एस्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिए।

कार्यक्रम यही चैत २८ गतदेखि (आगामी अप्रिल १० देखि मे १५) सम्म सञ्चालन हुनेछ। पाँच हप्ते विशेष कार्यशालामा ११ देखि १८ वर्ष उमेर समूहका विद्यालय तहमा अध्ययनरत वा विद्यालय तहको पढाइ सम्पन्न गरेका तर विश्वविद्यालय तहमा भर्ना नभएका विद्यार्थीले सहभागिता जनाउन सक्ने उनले बताए। देशभरका विद्यार्थीको पहुँच पुऱ्याउने उद्देश्यले कार्यक्रमका चार हप्ता विद्यार्थी घरबाटै सहभागी हुन सक्नेछन्। पाँचौं हप्ता काठमाडौं आउनुपर्ने सोसाइटीले जनाएको छ।

'क्युब्स इन स्पेस' एउटा ग्लोबल इन्जिनीयरिङ डिजाइन प्रतिस्पर्धा हो। यसमा विद्यार्थीले आफ्ना प्रयोग 'नासा साउन्डिङ रकेट' तथा 'जेरो प्रेसर साइन्टिफिक बेलुन' मार्फत 'स्पेस वा नियर स्पेस इनभायरोमेन्ट'मा पठाउन सक्नेछन्। यसका लागि विद्यार्थीले आफ्नो योजना बनाउने, मूल्याङ्कनमा पठाउने र छनोट भए भर्जिनियास्थित 'क्युब्स इन स्पेस' को कार्यालयमा पठाउनुपर्ने हुन्छ।

सो कार्यक्रममा सहभागिताका लागि तयारीस्वरूप नेपालमा सञ्चालन गरिने कार्यशालामा यस वर्ष ५० विद्यार्थीलाई अवसर दिन सकिने गरी अनुमति प्राप्त भएको सोसाइटीले जनाएको छ।

सहभागीलाई अन्तरिक्ष विज्ञानसम्बन्धी विभिन्न ज्ञान दिंदै विभिन्न अन्तरिक्ष वातावरण तथा पक्षबारे सिकाइने छ। विद्यार्थीलाई प्रयोगको डिजाइन गर्न लगाइने छ। नेपालबाट छानिएका दुई क्युब्स यस वर्ष अमेरिका पठाइने छ।

यस अघि सो कार्यक्रममा ७३ देश सहभागी भइसकेका छन्। सोसाइटीमार्फत नेपाल पहिलोपटक सहभागी हुन लागेको हो।

विश्वभरबाट छानिएर २०१ क्युब्स अन्तरिक्षमा पठाइने छ। कार्यक्रममार्फत हालसम्म ९०० प्रयोग अन्तरिक्षमा पठाइसकिएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# बिजोग पर्सेली काङ्ग्रेसको

मन्तव्य



कुमार रुपाखेती

**कुनै बखत मुलुकको नम्बर वन पार्टीको केन्द्र र जिल्लाको एकैखाले दयनीय अवस्था उदेकलाग्दो छ । यही चालाले काङ्ग्रेसले आफ्नो पुरानो दिन फिर्ता पाउन सक्दैन । ती यादगार दिन सम्झेर कसैलाई रुन मन लागे कसैले सहानुभूति प्रकट गर्ने छैन । जय नेपाल, भोट अन्तै खसाल ।**

२००७ सालको जनक्रान्तिमा वीरगंज र पर्सा जिल्लाले अग्रणी भूमिका निर्वाह गरेको थियो। यो क्रान्तिको वाहक नेपाली काङ्ग्रेस थियो । भारततिर आउजाउ गर्न सरल र सुगम भएको र लुकीछिपी बस्नसमेत सहज भएकोले त्यतिखेरका नामचीन काङ्ग्रेसी नेताहरू वीरगंज र पर्सा जिल्लाको ग्रामीण भेगको बाटो भएर वारिपारि गरिरहन्थे । नेताहरूको बाक्लो ओहरदोहर, सरसङ्गत र उठबैठले गर्दा वीरगंज र वरपरका जनताले समेत त्यो ऐतिहासिक क्रान्तिमा हातेमालो गरेर धेरै काङ्ग्रेसी पनि बने। २००७ को क्रान्तिमा पर्साको अलौ गाउँको पनि महत्त्वपूर्ण योगदान छ। थीरबम मल्ल शहीद भएपछि त्यतिखेर पर्सा झनै चर्चामा आयो। त्यही २००७ सालको राजनैतिक कमाइ पर्सामा काङ्ग्रेसले अहिलेसम्म भजाएर खाँदै आएको छ। त्यसैले कुनै बखत पर्सा जिल्ला काङ्ग्रेसको गढ थियो ।

२००७ सालको क्रान्तिपछि पर्सा जिल्ला 'खोला तऱ्यो लौरो बिर्स्यो'सरह भयो । पर्सेली काङ्ग्रेसमा विपीको चाहनाविपरीत सुकिलामुकिलाहरू हावी हुँदै गए, मैं लाउँ, मैं खाउँ प्रवृत्ति मौलाउँदै गयो । किन रुन्छस् मङ्गले आफ्नै ढङ्गले भनेझैं पर्सामा काङ्ग्रेस पातलिंदै गयो । काङ्ग्रेसको दुश्मनले पनि पर्सामा काङ्ग्रेस यति कमजोर होला भनी सपना सोचेको थिएन होला। पर्सामा काङ्ग्रेस पतन हुँदै जानुमा स्वयं यहाँका काङ्ग्रेसीहरू नै दोषी छन्। पर्सामा काङ्ग्रेसको नाममा हाटहुट गर्ने, व्यापार गर्नेहरू अहिले मौलाएको र काङ्ग्रेसको राजनीति गर्नेहरू डढेलो लागेको रूखझैं उजाड देखिन्छन् ।

२०१७ सालमा राजा महेन्द्रले व्यवस्था परिवर्तन गरेपछि धिमा रूपमा फेरि पर्सामा काङ्ग्रेस मौलाउन थाल्यो । कलेजमा विद्यार्थी युनियनको निर्वाचनदेखि वीरगंजको गल्ली, चोक र चियापसलहरूमा समेत काङ्ग्रेसको चर्चा चल्न थाल्यो । २०४६-२०४७ को आन्दोलनमा समेत नेपाली काङ्ग्रेस पर्साले नेतृत्वदायी भूमिका निर्वाह गऱ्यो । आन्दोलनको सफलतापछि स्थानीय काङ्ग्रेसीहरूको चुरीफुरी र तुजुक बढ्न थाल्यो, यस्तो घमण्डी चाला र पाराले गर्दा पर्सामा काङ्ग्रेसीहरूलाई बत्ती बालेर खोज्नुपर्ने अवस्था छ अहिले । केन्द्रबाट कुनै प्रभावशाली नेता यहाँ आउँदा वर्षायाममा ट्वार्र-ट्वार्र गर्दै भ्यागुता जम्मा भएझैं जम्मा हुने, टाउको गिनाउने, हल्ला गर्ने, माना पकाउने चलन यिनमा अझै देखिन्छ ।

वर्तमानमा पर्सा काङ्ग्रेस कमजोर हुनुमा यिनको घात, प्रतिघात, शक्तिको खिंचातानी प्रमुख कारण हो । काङ्ग्रेस पर्साका अधिकांश छाउराहरूले केन्द्रको देखासिकी आफ्नै गुट, उपगुट सृजना गर्नु, आफ्नै सहकर्मीलाई प्रतिद्वन्द्वी ठान्नु, खुइल्याउने दुष्प्रयास गर्नु, केन्द्रको गुटको भरिया बन्नु, अन्तर्घात गर्नु, गैरराजनैतिक हर्कतमा सामेल हुनु आदि कारणले गर्दा पर्सामा काङ्ग्रेस लोप हुने अवस्थामा पुगेको छ । २०७४ सालको आम निर्वाचनमा पर्सामा काङ्ग्रेस लोप हुने अवस्थामा पुगेको छ । २०७४ सालको आम निर्वाचनमा पर्साको ४ वटै संसदीय क्षेत्रबाट काङ्ग्रेस बाइकाट (लोप) भएकै हो । महानगर र विधानसभा सिटबाट पनि लोपोन्मुख अवस्थामा पुगेकै हो । पर्साका अधिकांश संसदीय र विधानसभा सिटहरूमा काङ्ग्रेस आफ्नै कारणले तल परेको थुप्रै सत्यतथ्य बाहिर आएकै हो। पर्सा काङ्ग्रेसमा निर्वाचनको टिकट वितरण नै विद्रोहको बिगुल फुकेको आभास गरिन्छ । आर्थिक चलखेल, पक्षपात, घात, अन्तर्घात नै यिनको टिकट वितरणको विशेषता हो । सानोतिनो विद्यार्थी निर्वाचन, अन्य सङ्गठनहरूको निर्वाचन, काङ्ग्रेस जिल्ला समितिको गठन, महाधिवेशन प्रतिनिधि छनोटजस्ता भारेभुरे घटनामा समेत यिनीहरूमा गुट, उपगुटको भूत हावी रहन्छ ।

काठमाडौंमा उतिबेला गणेशमानको लौरोले जित्छ भनेझैं विगतमा पर्सा जिल्लामा डङ्काको चोट जित्ने पर्सा काङ्ग्रेस अहिले नगरपालिकाको मेयर, विधायक, सांसद जस्ता महत्त्वपूर्ण पदबाट वञ्चित (नदारद) देखिन्छ । अहिले पनि पर्सा काङ्ग्रेस विपक्षी दलका उम्मेदवारलाई पराजित गरेर रमाउनुभन्दा आफ्नै पार्टीभित्रका सहकर्मीलाई पराजित गरी चुटकी लिन्छ । यदि पर्सा काङ्ग्रेसले आफ्नो अन्तर्कलहबाट बाहिर निस्किएर सङ्गठनलाई दरिलो र कसिलो नबनाउने हो भने कसैले यिनलाई काँध थाप्नेवाला छैन, किनकि भीरबाट खस्न लागेको गोरुलाई राम राम मात्र भन्ने हो, काँध कसैले थाप्दैन । स्पष्ट भन्ने हो भने पर्सा काङ्ग्रेसलाई केहीले आफ्नो बपौती बनाउन खोजेको प्रतीत हुन्छ र यस्तो प्रकृतिले पर्साबाट अरू होइन, स्वयं काङ्ग्रेस नै सफाया हुने देखिन्छ। स्मरण रहोस् पर्सामा अझै काङ्ग्रेसलाई भरोसा गर्ने, माया गर्ने थुप्रै अदृश्य शक्तिहरू मौजुद तर निराश छन् । राणा र राजालाई फाल्यौं भन्ने धक्कु लगाउने पर्साका माउ, काङ्ग्रेसीहरूले अचेल आफ्नैलाई फाल्न खोजेको देख्दा हाँसो उठ्छ। वीरगंजमा थुप्रै घरानिया काङ्ग्रेसीहरू अचेल काङ्ग्रेसको नाम सुनेर नाक-मुख खुम्च्याउँछन्। किन होला ? देर आयद दुरुस्त आयद भन्ने बाटो पर्सेली काङ्ग्रेसले कहिले अवलम्बन गर्ने होला भन्ने पर्खाइमा यहाँका थुप्रै पुराना (हाल चलनचल्तीमा नभएका) काङ्ग्रेसीहरू भेटिन्छन्। अस्तित्व निधन भएका वीरगंजका प्रजातन्त्र सेनानी रामकृष्ण कार्कीलाई पर्सा काङ्ग्रेसले नै चिन्दैन ।

देउवा नेतृत्वको नेपाली काङ्ग्रेसले केन्द्रमा समेत प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्न असफल भएको आरोप लाग्दै आएको छ। कम्युनिस्टहरूको झमेलामा फसेको राजनीति र मुलुकलाई भरपर्दो आश्वासन दिन सकेको छैन। मुलुकलाई अन्योलमा पार्ने, गतिहीन पार्ने नेपाल कम्युनिस्ट पार्टीको गतिछाडा प्रवृत्तिविरुद्ध काङ्ग्रेसले अझै कसिलो झापड हान्न सकेको छैन। त्यसैले अझै टुक्रिएर पनि नेपालको राजनीति कम्युनिस्टहरूकै अघिपछि घुमिरहेको देखिन्छ । देउवा, रामचन्द्र पौडेलको अझै एकमुख हुन सकेको छैन । यिनीहरू अझै पार्टीभित्रै दरिलो, बलियो बन्न आफ्नो बहुमूल्य ताकत र समय खेर फाल्दैछन्। यिनका यस्तै रवैयाले होला २०१५ सालतिर छिमेकीसँग झगडा पर्दा 'तेरो घरमा काङ्ग्रेस पसोस्' भनेर सराप्ने गर्दथे ।

कुनै बखत मुलुकको नम्बर वन पार्टीको केन्द्र र जिल्लाको एकैखाले दयनीय अवस्था देख्दा उदेक लाग्नु स्वाभाविकै हो। यही चालाले काङ्ग्रेसले आफ्नो पुरानो दिन फिर्ता पाउन सक्दैन। तर ती यादगार दिन सम्झेर कुनै काङ्ग्रेसीलाई रुन मन लागे कोही सहानुभूति प्रकट गर्न आउने छैन । जय नेपाल, भोट अन्तै खसाल। अस्तु !

# मिथिलाञ्चलमा फागुको रौनक

जनकपुरधाम, ८ चैत /रासस

मिथिलाञ्चलमा सद्भाव, सौन्दर्य र रसरङ्गको रङ्गीन पर्व फागुको रौनक छाइरहेको छ । जातिपाति, छुवाछूत, सानो, ठूलो, धनी र गरीबको भेदभावलाई भुलेर एउटै रङ्गमा रङ्गिने फागु पर्व नवचेतना, समता र सद्भावको प्राकृतिक स्रोत हो। प्राकृतिक सौन्दर्य र रसरङ्गको उमङ्गले सबैलाई तरङ्गित तुल्याउने फागु आनन्द र उल्लासको रङ्गीचङ्गी चाड हो।

मिथिलाञ्चलमा १५ दिने परिक्रमाका श्रद्धालुले कञ्चनवनमा रङ्ग, अबीर खेलेसँगै फागुको रौनकताको थालनी हुन्छ। त्रेतायुगमा भगवान् राम र सीताले कञ्चन वनमा रङ्ग-अबीर खेलेको मान्यता अनुरूप परिक्रमाका श्रद्धालुले फागुको थालनी गर्ने परम्परा रहेको छ ।

फागु पर्वको इतिहास वसन्त र मदन अर्थात् कामदेवको पूजाबाट शुरू हुन्छ। त्यसैले यस उत्सवलाई मदनोत्सव या वसन्तोत्सवका रूपमा मनाइन्छ । वसन्तोत्सवले हाम्रो जीवनमा यौवन भरी प्रकृतिको सौन्दर्यबाट हामीलाई प्रसन्न तुल्याउँछ । प्रकृतिको सुन्दरतामा मनुष्यलाई प्रसन्न गरी उसका सबै घाउ भर्न सक्ने क्षमता छ। अतः मानिसको स्वभाव नै प्राकृतिक सौन्दर्यबाट प्रभावित हुने हुँदा प्रकृतिको पर्व मनाउन पाश्चात्य देशमा एउटी सुन्दरी बालिकालाई छानेर उक्त बालिकालाई रानीको संज्ञा दिई वसन्त पर्व मनाउने चलन पनि पाइन्छ। प्राचीनकालमा वसन्तोत्सवका रूपमा मनाइने यो चाड कालान्तरमा प्रह्लाद, कृष्ण, होलिका, ढुण्डा आदिका कथा माध्यमले फागु, फगुवा, होली, होरी नाउँबाट पुकार्न थालेको पाइन्छ ।

**फाल्गुने पूर्णिमायां त दुग्धा भवति होलिका।**
**पश्चात प्रातः समुथ्याय होलिकोत्सवः ॥**

अर्थात् फागुन महीनाको पूर्णिमा तिथिमा होलिका दहन गरिन्छ, त्यसको अर्को दिन बिहानै उठेर होलिकोत्सव मनाइन्छ । होलिका वसन्त आरम्भको बेलाका एक लोकप्रिय पर्व हो। फागुलाई मैथिली भाषामा फगुवा अथवा होरी भनिन्छ। मिथिलाञ्चलमा यो पर्व अत्यन्त लोकप्रिय मानिन्छ। यो पर्व प्राचीनकालदेखि मनाइँदै आएको तथ्यहरू पाइन्छ ।

बराह पुराणमा फागुन पूर्णिमालाई पटवास विनाशिनी भनिएको छ। पटवास भनेको अबीरजस्तो चुर्णलाई भनिन्छ । पौराणिक कथन अनुसार यस उत्सवको आरम्भ रघुराजाबाट भएको हो । यो पर्व बाल स्वास्थ्य तथा नारी सौभाग्यसित पनि सम्बन्धित रहेको छ ।

सत्य तथा ज्ञानका प्रतीक प्रह्लाद र विज्ञान तथा भौतिकवादी हिरण्यकश्यपुको कथासँग यो पर्वलाई अध्यात्मवाद र भौतिकवादको द्वन्द्वका रूप पनि लिइन्छ। कृष्णले आफूलाई दूध चुसाउने पुतना राक्षसीको 'बध' गरेपछि गोप गोपिनीले रासलीलाका साथ रङ्ग खेलेर उत्सव मनाएको तथ्य पनि पाइन्छ ।

ब्रह्माले सृष्टिको शुभारम्भ पनि फागु पर्व मनाउने वसन्त ऋतुमा नै गरेको कुरा **'चेत्रेमासे जगत् ब्रह्म ससर्ज प्रथमे हनि'** श्लोकबाट प्रमाणित हुन्छ। भगवान् विष्णुलेले पनि सत्ययुगमा यसै दिन मत्स्यावतार धारण गरेको शास्त्रमा उल्लेख छ ।

प्रतापी राजा रघुको राज्यमा अमनचैन सुखशान्ति हुँदाहुँदै त्यहाँ कुनै ठाउँमा ढुण्ढी नामकी राजक्षीले बालबालिकाको अपहरण गरेर दुःख दिएको हुँदा चिन्तित राजाले राक्षसीलाई निकाल्ने प्रयास गरे पनि सफल नभएपछि वशिष्ठ ऋषिसँग अत्याचारबाट मुक्त हुने सुझाव लिई अग्निकुण्ड बनाई प्रचण्ड अग्नि जलाई सो रापले नभेट्ने ठाउँमा बालबच्चा र ठूलाको उल्लासपूर्ण भेला र नाचगान गराई अश्लील गालीगलौज गर्दै लखेट्दै गर्दा राक्षसी थकाइले मर्दा उनको शरीर जलाई खरानी उडाई टीका लगाइएको तथ्य पनि पाइन्छ । नराम्रो प्रवृत्ति उन्मूलनको खुशीयालीमा वर्ष दिनमा एकपटक फागुपूर्णिमा तिथि अबीर आदि रङ्ग र फूलका रसहरू खेल्दै परस्पर मनोरञ्जन गर्ने होली उत्सव मनाएको विश्वाससमेत रहेको छ ।

कुनै कालखण्डको फागुन तिथिमा महादेवले कामदेवलाई नाश गरेको खुशियालीका सन्दर्भमा यो पर्वको विशोषता र शुरूआत भएको मदन र कामदेवको भावलाई पूर्वीय र पाश्चात्य विद्वान् वात्स्यायन र फ्रायडका विचारमा एकरूपता भएको पुष्टि विश्वप्रसिद्ध छ, दुवैको निष्कर्षमा रङ्ग र पानीबाहेक यो पर्वलाई रति र कामको पूजन पर्व मदनोत्सव पनि भनिएको पाइन्छ ।

श्रमद्भागवत पुराणमा पुतना राक्षसीले बच्चाबच्चीलाई दूध चुसाउने निहुमा दुःख दिएको, मारेको र कृष्णलाई समेत त्यसै गर्न लाग्दा कृष्णले पूतनालाई नै मारिदिएको र नगरवासीले राक्षसीको लाश जलाएको खरानीले नै होली खेलेको, गोपिनीले रङ्गको उत्सव मनाएका र कृष्णले शृङ्गार रसकी राधालगायत अन्य सहेली साथीसँग फागु खेलेको कथा पनि पाइन्छ। साथै हिमालमा शिव पार्वतीले फागु उत्सव मनाएका, लङ्कायुद्धमा रावणमाथि विजय प्राप्त गरेपछि अयोध्यावासीसँग राजा रामले खुशियाली मनाउँदै फागु खेलेका आदि कथाले असत्यमा सत्यको, अधर्ममा धर्मको, कुकर्ममा सुकर्मको जितको परिणाम भन्ने उल्लेख छ ।

**फाल्गुने पौर्णमासी च सदा बालविकासनी।**
**ज्ञेया फाल्गुनिका सा ज्ञेया लोकविभूतये ॥**

अर्थात् फागुपूर्णिमा पर्व बालक्रीडा र बालविकासका लागि मनाइन्छ। फागु दुनियाँलाई धनधान्यबाट समृद्ध गरी मनोरञ्जक क्रीडाका लागि प्रसिद्ध छ । यसैगरी, बराह पुराणमा पनि फागुलाई फाल्गुनिका धनी यस पर्वमा अबीरजस्तो चुर्ण प्रयोग गरी क्रीडा गरेमा सबैको भलो हुने कुरा उल्लेख छ ।

श्री हर्षचरित संस्कृतको रत्नावली नाटिकामा पनि कोशाम्बी नगरीमा अबीर आदि रङ्ग परस्पर छ्याप्दै फागु खेलेको चित्रण पाइन्छ। आयुर्वेद शास्त्रमा केशरी, अबीरजस्ता प्राकृतिक रङ्गको प्रयोगले जीवनमा खुशी गरी छालालाई सफा गर्ने कुराको सङ्केत पाइन्छ। कृषि शास्त्रका दृष्टिले पनि होलक लातिती होलिका अर्थात् केराउ, चना आदिका बाला भुट्ने, पोल्ने कामलाई होलक भनिन्छ र चना जौ, गहुँ आदि नयाँ अन्न अग्निलाई भोग लगाउँने समय जुन पर्वले ल्याउँछ, त्यो पर्व नै होलिका हो । फागुको समयमा पाकेका चना आदि प्राणपोषक नयाँ अन्न अग्नि देवतालाई चढाएर मात्र घरमा भित्र्याउने परम्परा विशेषरूपमा मिथिलाञ्चलमा रही आएको छ। होली सबै प्रकारका राग, द्वेषरहित सद्भाव र समताको पर्व हो भन्ने कुरा 'होलान्ति समतापर्वः' भन्ने श्लोकबाट पुष्टि हुन्छ ।

पौराणिक कथा अनुसार, प्रह्लादकी फुपू होलिकालाई भस्म नहुने वरदान प्राप्त भएकोले दाइ हिरण्यकश्यपुको आज्ञा अनुसार उनी प्रह्लादलाई मार्न उसलाई काखमा राखी आगोमा पस्दा आफैं मरिन् तर ईश्वरयुक्त प्रह्लादलाई केही नभएको सम्झनामा होलिका जलाएर होलिकोत्सव मनाइने गरिएको पाइन्छ ।

समयसँगै सभ्यता, आदर्श, नैतिकता, अश्लीलता र आनन्दका सौन्दर्य बोधक मापक र तत्त्व फेरिंदै मिथिलाञ्चलका स्रष्टाले वासन्ती बोधका कामशक्त र शृङ्गार सिर्जनका साथै सामाजिक जीवनका विकृति र विसङ्गतिलाई व्यङ्ग्य र हास्यका माध्यमबाट उजागर गर्ने चलन पनि देखिन्छ । साहित्यकार डा धीरेश्वर झा धीरेन्द्रले यस प्रसङ्गमा उल्लेख गरेका

(बाँकी अन्तिम पातामा)

## फरक समाचार

# कोरोनाविरुद्ध ट्याबलेट औषधि

अमेरिकी वैज्ञानिकले कोरोनाको ट्याबलेट तयार गरेका छन् । यस औषधिमाथि गरिएको अध्ययन अनुसार यसले भाइरसको लोड घटाउँछ। पाँच दिनसम्म गरिएको उपचारमा रोगीमा भाइरसको सङ्ख्या घटेको थियो। मोल्नुपिराभिर ड्रगबाट नयाँ औषधि तयार गर्ने अमेरिकी कम्पनी रिजबैक बायोथेप्युटिक्सले शनिवार हालसम्म गरेको अध्ययनको नतीजाबारे जानकारी गराइएको थियो । यदि औषधि परीक्षणमा सफल हुन्छ भने यो कोरोनाविरुद्ध पहिलो ओरल एन्टिभाइरल पिल हुनेछ ।




कम्पनीका को-फाउन्डर वायन होलमैनको भनाइ छ, अनुसन्धानको अहिलेसम्मको परिणामले बताउँछ नयाँ औषधिले शरीरमा कोरोनाको सङ्ख्या बढाउन (रेप्लिकेशन)बाट रोक्छ । यसै विशेषताले साबित गर्छ, यो औषधि कोरोनाविरुद्ध लड्न असरदार हुन सक्छ । यद्यपि रिसर्चको अहिलेसम्मको नतीजाले सय प्रतिशत नै यो कुरा साबित गर्दैन कि यसले पूर्णरूपले बिमारीलाई असर गर्छ। अहिले अनुसन्धान हुन बाँकी छ। रिसर्च कम्पनी अनुसार मार्चको अन्तिमसम्म रिसर्चको विस्तृत नतीजा आउने छ र यो पत्ता चल्नेछ कि नयाँ औषधि मोल्नुपिराबिर कोरोनाका रोगीलाई अस्पतालमा भर्ती हुनबाट रोक्न कति सफल हुन्छ साथै मृत्युको खतरा कति घटाउँछ ।

नेशनल इन्स्टिच्युट अफ इन्फेक्शियस डिजिजका निर्देशक कार्ल डिफेनबेक भन्छन्- "अनुसन्धानको नतीजा रोचक छ तर यो सय प्रतिशत सटीक छैन । क्लिनिकल ट्रायलमा यसले अझै सटिकता साबित गर्नुपर्छ ।"

# उँघ्दा हुने फाइदा

ब्लुमबर्गको रिपोर्टले भनेको छ- वर्क फर्म होमको बेला व्यक्तिको काम गर्ने समयमा औसत तीन घण्टाले बढोत्तरी भएको छ । यसबाट थकाइ र तनाव बढेको छ। तसर्थ यस्तो समस्या भएमा दिनमा १० देखि २० मिनेट उँघ्नु सही हुन सक्छ। यसबाट तपाईंको रिएक्शन टाइम र अलर्टनेस बढ्छ। यसले तपाईंको क्षमता बढ्छ । हार्वर्ड मेडिकल स्कूलका अनुसार दिनमा ३० मिनेटभन्दा बढी उँघ्नुहुँदैन, किनभने यसबाट ताजगीको सट्टा थकान हुन्छ ।



हेल्थलाइनका विज्ञका अनुसार पावर नैप लिने थुप्रै तरीका छन्, जसको अनुसरण गर्नुपर्छ। तरीकाविनाको पावर नैप लिंदा यसको फाइदा कम हुन्छ । तसर्थ पावर नैप लिने तरीका यस प्रकार छः- दुई देखि ३० मिनेटबीचको समय सेट गरौं । आफ्नो नैप टाइम खानापछि शुरू गरौं । एउटा शान्त स्थान खोजौं ।

**दिउँसो उँघ्दा हुने फाइदा**: सामञ्जस्य बढ्छ, १० देखि २० मिनेटको उँघाइले साइकोमोटरको गति अर्थात् दिमाग र शरीरबीचको तालमेल बसाउन रियाक्सन टाइम र अलर्टनेस बढाउँछ। विले अनलाइन लाइब्रेरीमा २०१५ मा प्रकाशित शोध अनुसार गर्मीमा उँघ्ने बच्चाले चाँडै शब्द सिक्छ। स्मरणशक्ति राम्रो हुन्छ, लामो समयसम्मको स्मरणमा फाइदा पुग्छ। अमेरिकी कलेज अफ कार्डियोलोजीमा प्रकाशित शोध अनुसार दिउँसोको उँघाइले रक्तचापलाई केही हदसम्म सामान्य गर्ने काम गर्छ। वेब एमडी अनुसार उँघाइबाट महिलाहरूको प्रतिरक्षातन्त्र बढ्छ। विशेषगरी चालीस वर्षभन्दा बढी उमेरका महिलाहरूलाई फाइदा पुग्छ। किनभने यो उमेरमा उनीहरूमा मेनोपोज शुरूआत हुन्छ ।

# दाँत दुखाइ र गिजाबाट रगत आउनु गम्भीर समस्या

इलिनोय शिकागो युनिभिर्सिटीका विशेषज्ञका अनुसार हाम्रो मुखमा ३ सयभन्दा बढी प्रकारका ब्याक्टेरिया लाखौं सङ्ख्यामा हुन्छन्। यीमध्ये केहीले मुखको स्वास्थ्य बिगार्छ । मुखको सबैभन्दा जरूरी भाग गिजा हो । यदि गिजाबाट रगत बग्छ, दुर्गन्ध आउँछ र दातको संवेदनशीलता र दुखाइ छ भने यो मुखको स्वास्थ्य खराब भएको प्रमुख लक्षण हो ।



द एकेडेमी अफ जनरल डेन्टिस्ट्रिको दाबी छ कि गिजा सुन्निनु, रगत आउनु र कमजोर गिजाबाट हाड कमजोर हुन सक्छ, छालामा नराम्रो असर पर्छ जसले गर्दा मानिस बढी उमेरको देखिन थाल्छ ।

गिजाको समस्याबाट पीडित व्यक्तिलाई मुटुको धमनीसँग सम्बन्धित समस्याको खतरा दुई गुना हुन्छ। मुटुको कार्य प्रणाली पनि अनियमित हुने खतरा रहन्छ। नेशनल लाइब्रेरी अफ मेडिसिनमा प्रकाशित अनुसन्धान अनुसार बङ्गारासँग जोडिएको क्रेनियल नर्भ तथा रक्त सञ्चारको माध्यमबाट मुखको ब्याक्टेरिया मस्तिष्कसम्म पुग्न सक्छ जसले गर्दा अल्जाइमर्सको खतरा बढ्छ ।

जर्नल अफ नेशनल क्यान्सर इन्स्टिच्युटमा प्रकाशित शोध अनुसार गिजासँग सम्बन्धित रोगबाट पीडित पुरुषमा पेङ्क्रियाटिक क्यान्सर हुने आशङ्का ३३ प्रतिशतभन्दा बढी हुन्छ ।

मुखको स्वास्थ्यको लागि खानामा फल र तरकारी सामेल गर्नुपर्छ। यसको मिनरल्सले गिजाको रोगबाट जोगाउँछ र मुखको क्यान्सरको खतरा कम हुन्छ। क्याबिटी उत्पन्न गर्ने ब्याक्टेरियाले मीठो खाद्य पदार्थलाई एसिडमा परिणत गर्छ । यसैले मीठो खाएको ५ मिनेटभित्र पानीले मुख सफा गर्नुपर्छ । भारतको नेशनल ओरल हेल्थ प्रोग्राम २०२० को रिसर्च अनुसार ९५ प्रतिशत भारतीय युवा गिजासँग सम्बन्धित समस्याबाट ग्रसित छन् । विश्व स्वास्थ्य सङ्गठनको भनाइ छ दुनियाँमा लगभग ३५० करोड व्यक्ति मुखसँग सम्बन्धित सानोठूलो रोगबाट ग्रस्तित छन् ।

दाँतलाई जोडले ब्रस गर्दा दातको माथिल्लो भागमा हुने इनामेलको परतमा क्षति पुग्छ। यसै परतले क्याबिटी हुनबाट जोगाउँछ। बिस्कुट र चिप्सले पनि दाँतलाई नोक्सान पुऱ्याउँछ। यस्तो कार्बोहाइडेटको कारणले हुन्छ। टुथपेस्टमा पाइने हाइड्रोजन परआक्साइडबाट पनि दाँतमा झमझमाहट हुन सक्छ। यस्तो भएपछि टुथपेस्ट परिवर्तन गर्नुपर्छ। - प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# युरोपमा लकडाउन, टोकियो ओलम्पिकमा विदेशी दर्शकलाई प्रवेश निषेध

पेरिस, ८ चैत/एएफपी

कोरोना भाइरसको सङ्क्रमण फैलिएको भन्दै धेरैवटा युरोपेली मुलुकहरूले नयाँ लकडाउन र प्रतिबन्धहरू घोषणा गरेका छन् । उता टोकियो ओलम्पिक आयोजक समितिले खेललाई सुरक्षित तवरबाट सञ्चालन गर्न भन्दै विदेशी खेल दर्शकलाई जापान भ्रमणमा प्रतिबन्ध लगाएको छ ।


कोरोना भाइरसले सुनसान युरोपको एउटा शहर । फोटो : एएफपी

पोल्यान्ड, फ्रान्स र युक्रेनको राजधानीसमेतका कतिपय भागमा नयाँ प्रतिबन्धहरू लगाइएका छन् । अधिकांश पसल बन्द गरिएका छन् भने मानिसलाई घरबाटै काम गर्न आग्रह गरिएको छ ।

कोभिड–१९ फैलिन नदिने भन्दै सरकारहरूले लगाएका प्रतिबन्धको विरोधमा युरोपका विभिन्न स्थानमा प्रदर्शन पनि भएका छन् । जर्मनीको कासेल शहरमा क्रुद्ध प्रदर्शनकारीको ठूलो समूह सडकमा आएको थियो । प्रहरी र प्रदर्शनकारीबीच त्यहाँ झडप पनि भएको छ । यसबाहेक लिस्टल, स्वीट्जरल्यान्ड र लन्डनमा पनि प्रदर्शन भएका छन् ।

कासेलमा भेला भएका प्रदर्शनकारीले "लकडाउन अन्त्य गर" भन्दै प्लेकार्ड सहित सडकमा आएका थिए ।

अफ्रिकामा, म्याडागास्करका राष्ट्रपति आन्द्री रजोलिनाले कोरोना भाइरसको खोप भ्रम रहेको भन्दै खोप अभियानको आलोचना गरेका छन् ।

केही समय मत्थर देखिएको कोरोना भाइरस सङ्क्रमण पछिल्ला समय पुनः सक्रिय भएको देखिएको छ । अघिल्लो साता विश्वभर कोरोना भाइरसको सङ्क्रमण १४ प्रतिशतले वृद्धि भएको एएफपीले सङ्कलन गरेको तथ्याङ्कले देखाएको छ ।

पाकिस्तानका प्रधानमन्त्री इमरान खानलाई पनि चीनको सिनोफार्म खोप लगाएको दुई दिनपछि कोभिड देखिएको छ । प्रधानमन्त्रीका प्रवक्ताले खान हाल आइसोलेशनमा बसेको र सामान्य लक्षण मात्र देखिएको बताएका छन् ।

फ्रान्समा एक तिहाईभन्दा बढी जनसङ्ख्या लकडाउनमा रहेको छ । तर यो लकडाउन विगतजस्तो कठोर भने छैन । विद्यालयहरू खुलेका छन् भने सैलून र चकलेट पसल पनि खुलेका छन् ।

कोभिडविरुद्ध अस्ट्राजेनिका खोपको विवाद अझै साम्य भएको छैन । युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डर लायनले युरोपेली मुलुकलाई खोपमा प्राथमिकता नदिई अन्यत्र निकासी गर्ने क्रम नरोकिए पूरै निकासी रोक्ने चेतावनी दिएकी छन् ।

अस्ट्राजेनिका कम्पनीले ९ करोड डोज खोप युरोपलाई दिने भने पनि हालसम्म ३० प्रतिशत मात्र आपूर्ति गरेको छ । कम्पनीले युरोपेली प्लान्टमा उत्पादनमा ढिलाइ भएको बताउँदै आएको छ ।

जर्मनीको फन्के सञ्चार समूहसँग कुरा गर्दै लायनले भनिन्–"हामीसँग निकासी रोक्नुबाहेक अर्को विकल्प छैन । यही नै अस्ट्राजेनिकालाई सन्देश हो । अन्य मुलुकका लागि खोप पठाउनु अघि युरोपलाई पहिले खोप दिनुपर्छ, नत्र हामी निर्यात रोकिदिन्छौं ।"

अस्ट्राजेनिकाले युरोपेली युनियनमा आबद्ध मुलुकलाई खोप नदिई बेलायतलाई पहिलो प्राथमिकता दिएर पूरै खोप पठाएको युरोपेली युनियनको भनाइ छ । बेलायतले शनिवारसम्म कुल जनसङ्ख्याको कम्तीमा आधा वयस्क जनसङ्ख्यालाई कम्तीमा एक डोज खोप लगाएको छ ।

युरोपेली नियामक निकाय र विश्व स्वास्थ्य सङ्गठनले अस्ट्राजेनिका खोप सुरक्षित र प्रभावकारी रहेको जनाए पनि डेनमार्क, नर्वे, स्वीडेन र फिनल्यान्डले यो खोप लगाउनु अघि अस्ट्राजेनिकासम्बन्धी विस्तृत विवरण प्राप्त गर्न चाहेका छन् ।

बेलायती प्रधानमन्त्री बोरिस जोन्सन र फ्रान्सेली प्रधानमन्त्री जाँ कास्टेक्स दुवैले शुक्रवार अस्ट्राजेनिका खोप लगाएका छन् ।

विश्वभर करीब ४० करोड डोज खोप लगाइए पनि टोकियो ओलम्पिक आयोजक समितिले ठूलो सङ्ख्यामा विदेशी दर्शकलाई तत्कालै आमन्त्रण गर्न नसकिने अवस्था रहेको जनाएको छ । "हामीले सबै सहभागीका लागि सुरक्षित र भरपर्दो वातावरण सुनिश्चित गर्नु पर्दछ"–टोकियो आयोजक समितिका प्रमुख सेको हासिमोतोले भने–"यो अपरिहार्य निर्णय हो ।"

ओलम्पिक खेलको इतिहासमैं विदेशी दर्शकलाई आमन्त्रण नगरिएको यो पहिलो पटक हुनेछ ।

**भारतमा कोभिड तीव्ररूपमा फैलिन थाल्यो, एकै दिन ४४ हजार सङ्क्रमित**

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट एकै दिन झन्डै ४४ हजार सङ्क्रमित थपिएका छन् ।

सरकारी अधिकारीहरूले आइतवार बिहान दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा थप ४३ हजार ८४६ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका हुन् ।

सोही अवधिमा अरू २२ हजार ९५६ जना भने सङ्क्रमणमुक्त भएका छन् । सङ्क्रमणमुक्त भएकाभन्दा सङ्क्रमितको सङ्ख्या झन्डै दोब्बर रहेकोले सङ्क्रमित अवस्थामैं रहेकाहरूको कुल सङ्ख्यामा वृद्धि हुँदै गएको छ ।

भारतमा अहिले कुल सङ्क्रमितको सङ्ख्या एक करोड १५ लाख ९९ हजार १३० पुगेको अधिकारीहरूले जनाएका छन् ।

कोरोना भाइरसबाट सङ्क्रमित भएर मृत्यु भएकाहरूको सङ्ख्या भारतमा एक लाख ५९ हजार ७५५ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार तीमध्ये १९७ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो । सोही अवधिमा पञ्जाबमा मात्रै एक हजार ५२९ जना सङ्क्रमित भएका छन् ।

भारतमा अहिलेसम्म चार करोड ४६ लाख ३ हजार ८४१ खोप लगाइएको छ । शनिवारसम्म देशभरि २३ करोड ३५ लाख ६५ हजार ११९ जनाको कोरोना परीक्षण गरिएको छ । रासस

# गणतन्त्र कङ्गोमा राष्ट्रपतिको चुनाव, एन्गुसो पुनः राष्ट्रपति उम्मेदवार

ब्राजभिल, ८ चैत/एएफपी

मध्य अफ्रिकी मुलुक गणतन्त्र कङ्गोमा आइतवार राष्ट्रपति पदका लागि चुनाव हुँदैछ । तर मुख्य विपक्षीहरूले निर्वाचन बहिष्कार गर्ने बताएका छन् ।

यस चुनावमा ७७ वर्षीय डेनिस सासौ एन्गुसो पुनः निर्वाचित हुने अनुमान गरिएको छ । चुनावमा छजना प्रतिस्पर्धी छन् । एन्गुसोका मुख्य प्रतिस्पर्धी ठानिएका गुए–ब्राइस पाफेट कोलेलास गम्भीर स्वास्थ्य समस्या देखाउँदै चुनावी मैदानबाट अलग भएका छन् ।

पूर्व सैनिक एन्गुसो सन् १९७९ मा पहिलोपटक सत्तामा आएका थिए र त्यसयता ३६ वर्ष कङ्गोको शासनमा छन् । उनी विश्वमैं सबैभन्दा लामो समय शासन गर्ने नेता बनेका छन् ।

मध्य अफ्रिकाको तेल निर्यातक मुलुक कङ्गोको चौथो कार्यकालका लागि चुनावी मैदानमा उत्रेका एन्गुसोले पहिलो चरणमैं आफू विजयी हुने अपेक्षा गरेका छन् । कङ्गोको संविधानमा कुनै पनि उम्मेदवारले ५० प्रतिशत मत प्राप्त नगरेको अवस्थामा दोस्रो चरणको मतदान हुने व्यवस्था छ ।

यसैबीच एन्गुसोलाई चुनौती दिने ठानिएका मुख्य प्रतिस्पर्धी कोलेलासले एउटा भिडियो सन्देश सार्वजनिक गर्दै आफू गम्भीर बिरामी भएको र 'जीवन र मृत्युको दोसाँधमा पुगेको' बताएका छन् ।

कोलेलासको चुनावी अभियानले ६० वर्षीय आफ्ना नेतामा के रोग लागेको छ भन्ने केही बताएको छैन । उनीहरूको भनाइमा थप उपचारका लागि नेता कोलेलासलाई विदेश लैजाने तयारी गरिएको छ ।

सन् २०१६ को राष्ट्रपति निर्वाचनमा दोस्रो स्थान हासिल गरेका कोलेलासले यसपटक राम्रै नतीजा हासिल गर्ने अनुमान गरिएको थियो ।

कङ्गोको क्याथोलिक चर्चले यसपटक पनि राष्ट्रपतिको चुनावमा धाँधली हुने खतरा देखिएको भन्दै आपत्ति जनाएको छ । सन् २०१६ झैं आइतवारको चुनाव अघि देशव्यापी इन्टरनेट बन्द गर्न लागिएको र मतदानको पारदर्शिता शङ्कास्पद रहेको चर्चको भनाइ छ ।

सबैभन्दा ठूलो विपक्षी समूह प्यान–अफ्रिकन युनियन फर सोसल डेमोक्रेसी (युप्याड)ले पनि चुनाव बहिष्कार गरेको छ । पूर्व राष्ट्रपति पास्कल लिस्सोबाले खोलेको युप्याडबाट राष्ट्रियसभामा मुख्य विपक्षीको रूपमा प्रतिनिधित्व रहेको छ ।

प्रजातान्त्रिक गणतन्त्र कङ्गो र ग्याबोनले घेरिएको यस पूर्व फ्रान्सेली उपनिवेशको मुख्य आम्दानीको स्रोत खनिज तेल हो ।

सन् १९७९ मा पहिलोपटक सत्तामा आएका एन्गुसो सन् १९९१ मा बहुदलीय प्रतिस्पर्धाका लागि राजी भएका थिए । अर्को वर्ष भएको चुनावमा उनी र उनको पार्टी पराजित भएको थियो ।

गृहयुद्धमा फँसेको कङ्गोमा सन् १९९७ मा उनी पुनः सत्तामा आएका थिए । त्यसयता उनी लगातार विजयी हुँदै आएका छन् ।

सन् २०१५ मा भएको संविधान संशोधनले ७० वर्षभन्दा माथिका व्यक्ति पनि राष्ट्रपतिको उम्मेदवार हुन पाउने र दुई कार्यकाल पनि हटाएपछि एन्गुसो पुनः उम्मेदवार भएका थिए । रासस

# गर्दौंलमा विद्यालय भवन शिलान्यास

प्रस, विन्दवासिनी, ८ चैत/

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गर्दौंल, विन्दवासिनी गाउँपालिका–२ को २ कोठे पक्की भवन शिलान्यास भएको छ । आइतवार कार्यक्रम आयोजना गरी वडा अध्यक्ष सञ्जय चौहानले भवन शिलान्यास गरेका हुन् ।

सङ्घीय सरकार शिक्षा विभाग काठमाडौंबाट आर्थिक वर्ष २०७५–०७६ को प्राप्त अनुदान सहयोग २३ लाख रुपियाँबाट शौचालयसहितको पक्की भवन निर्माण हुने वडा अध्यक्ष चौहानले जानकारी गराएका छन् । उक्त बजेटमध्ये शौचालय निर्माणको लागि सात लाख र दुई कोठे भवनको लागि १६ लाख रुपियाँ खर्च हुने उनले बताए ।



भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष शेषनाथप्रसाद सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा नं. १ का वडा अध्यक्ष सगीर मियाँ, वडा नं. २ का वडा सचिव धीरेन्द्रकिशोर क्षत्री, नागरिक अगुवा गौरीशङ्करप्रसाद साह, पालिका सदस्य जोखनीदेवी, गम्भीरा साहलगायतले विद्यालय भवन निर्माण कार्यको महत्त्वमाथि प्रकाश पारेका थिए ।

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्सा**

## प्रस्ताव आह्वानको सूचना

***प्रथमपटक प्रकाशित मिति २०७७।१२।०८***

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्साको आ.व. ०७७–०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरू लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था कृषि उत्पादनमा संलग्न निजी फार्म–उद्यमीहरूले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७७।१२।२२) सम्ममा यस विज्ञ केन्द्र, पर्सामा कार्यालय समयभित्र कार्यक्रम अनुसारको तपसिल बमोजिमका कागजातहरू संलग्न राखी सिलबन्दी आवेदन/प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटका लागि समावेश हुन नसक्ने बेहोरासमेत जानकारी गराइन्छ । थप जानकारीको लागि कार्यक्रम संयोजक पशु विकास अधिकृत श्री धनसुन्दरप्रसाद साह फोन नं. 9865416838 मा सम्पर्क गर्नुहोला ।

| क्र.स. | कार्यक्रमको नाम | एकाइ | लक्ष्य/परिमाण | लागत साझेदारी % |
|---|---|---|---|---|
| १ | माछा/मासु बजारको पूर्वाधार निर्माण तथा सुदृढीकरण कार्यक्रम | सङ्ख्या | १(एक) | ५०% |
| २ | जिउँदो माछा बजारको पूर्वाधार निर्माण तथा सुदृढीकरण कार्यक्रम | सङ्ख्या | १(एक) | ५०% |
| ३ | प्रमुख शहरहरूमा मीट मार्टको स्थापना तथा सुदृढीकरण | सङ्ख्या | १(एक) | ५०% |
| ४ | डेरी पसल सुधार कार्यक्रम | सङ्ख्या | १(एक) | ५०% |
| ५ | डेरी पार्लर | सङ्ख्या | १(एक) | ५०% |
| ६ | सफा तथा स्वस्थ दूध उत्पादन प्रशोधन तथा बजारीकरणसम्बन्धी कार्यक्रम | सङ्ख्या | १(एक) | ५०% |
| ७ | पशुपक्षी तथा मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम<br>लेयर्स–१ ब्रोइलर–१<br>स्थानीय कुखुरा – १ हाँस– १ | सङ्ख्या | ४(चार) | ५०% |
| ८ | स्थानीय तहको समन्वयमा सामाजिक तथा घरपालुवा कुकुरहरूमा बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम | सङ्ख्या | १(एक) | १००% |
| ९ | स्थानीय तहको सहकार्यमा घाँसेबाली स्रोत प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | १(एक) | ५०% |
| १० | इलेक्ट्रिक च्यापकटर वितरण | सङ्ख्या | १३(तेह्र) | ७५% |
| ११ | शहरी क्षेत्रमा छाडा रूपमा पालिरहेका बंगुरपालन संरक्षण कार्यक्रम | सङ्ख्या | ६(छ) | १००% |

तपसिल :–

१. रु १० को टिकट टाँस गरी फा.नं. २ अनुसारको प्रस्ताव/आवेदन फा.नं. ३ अनुसारको सङ्क्षिप्त कार्ययोजना ।

२. समूह/सहकारी संस्थाको हकमा कार्यसमितिको निर्णय प्रतिलिपि, व्यवसाय योजना बमोजिमको डिजाइन र लागत अनुमान ।

३. व्यक्तिको हकमा निजको तथा कानून बमोजिम दर्ता भएका समूह, सहकारी, व्यावसायिक निजी फार्मको हकमा प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारीक व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, तालीम अनुभव, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, व्यावसायिक फार्म/समूह/सहकारी/निजी फार्म/उद्योगीको हकमा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (पान नं.) प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धतासम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि ।

४. कार्यक्रम सञ्चालन गर्नुपर्ने स्थानको जग्गाधनीको प्रमाणपत्रको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपत्रसमेत करार पत्र (नोटरी पब्लिक बाट प्रमाणित वा जग्गाधनीको सक्कल मंजुरीनामा (५ देखि १० वर्षसम्म कार्यक्रम अनुसार) ) स्थानीय तहले तोकेको सार्वजनिक जग्गा स्थानीय तहको सिफारिश, अन्य आवश्यक कागजातहरू (कार्यक्रम अनुसार)

५. पुनश्च : सूचना तथा निवेदन/प्रस्तावको ढाँचा कार्यालयबाट प्राप्त गर्न सक्नुहुनेछ वा कार्यालयको वेबसाइट vhlsecparsa.p2.gov.np बाट डाउनलोड गर्नुहुन अनुरोध छ ।

**लोकसेवाको तयारी**
निजामती सेवा: शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)
शिक्षक सेवा: माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह
ACHIEVERS INSTITUTE
Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300

**Om Advertising**
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

**Poonam Arts**
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

**Admission Open**
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

**आजको राशिफल**

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – अतिथिआगमन |
| मिथुन – सुयशः | कर्कट – अलमल |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – राज्यलाभ | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – शत्रुपराजय |
| कुम्भ – सुसमाचार | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# पोखरिया अस्पतालको विषयलाई लिएर पुनः धर्ना शुरू

प्रस, पोखरिया, ८ चैत/

जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य निजामुद्दीन समानीले पोखरिया अस्पतालको सञ्चालन र व्यवस्थापनका लागि प्रदेश सरकारबाट विनियोजित रकम तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने माग गर्दै आइतवारदेखि पुनः धर्ना कार्यक्रम शुरू गरेका छन्।


पोखरिया अस्पताल अगाडि धर्ना दिंदै। तस्वीरः प्रतीक

आज दिउँसो १ बजे पोखरिया नगरपालिकाको मूलगेटमा तालाबन्दी गरी अपराह्न ४ बजेसम्म नेता समानीलगायतले धर्ना दिएका थिए। नेता समानीले मूलगेटमा तालाबन्दी गरेको र पोखरिया नपा अगाडि तीन घण्टा धर्ना कार्यक्रम निरन्तर जारी रहने बताए। उनले आम जनताको काम नरोकियोस् भनेर अन्य गेटबाट आवतजावत सहज गरिएको बताए।

प्रदेश सरकारले पोखरिया अस्पतालको सञ्चालन र व्यवस्थापनको लागि नगरपालिकामा रु ४ करोड ४ लाख विनियोजन गरी पठाएको थियो। सो रकमबाट हालसम्म एम्बुलेन्स खरीदको लागि मात्र टेन्डर आह्वान गरिएको छ। पोखरिया अस्पतालमा प्रसूति शाखा सञ्चालनको लागि आवश्यक उपकरण र एनआइसियु, आइसियुका लागि उपकरण तथा फार्मेसीको लागि औषधि र भौतिक निर्माणका लागि बजेट विनियोजन गरिएकोमा सो अनुकूल खर्च नगरिएको भन्दै जसपाका केन्द्रीय सदस्य समानीले निरन्तर ध्यानाकर्षण गराउँदै आएका छन्।

यस अघि फागुन २ गते प्रदेश सरकारले पठाएको बजेट सोही शीर्षकमा खर्च गर्न माग गर्दै फागुन २ गते नेता समानीको नेतृत्वमा धर्ना दिइएको थियो। सो बखत नगरप्रमुख दीपनारायण रौनियारले फागुन २९ गतेसम्म सबै कामको प्रक्रिया अगाडि बढाउने र सो अवधिसम्म आन्दोलनको कार्यक्रम स्थगित गर्न माग गरेका थिए। सोही अनुरूप उक्त समयको आन्दोलन स्थगित भएको थियो तर तोकिएको समयमा कामको प्रक्रिया अगाडि नबढेको भन्दै आइतवारदेखि समानीको नेतृत्वमा जयनारायण यादव, बलिराम यादव, राजनारायण कुर्मी, राधेश्याम सोनार, सुरेश यादव, शेषनाथ साह, बलिराम साह, धर्मेन्द्र पासवानलगायत स्थानीय क्लबका पदाधिकारी, सदस्य, सामाजिक अगुवाहरू धर्नामा बसेका छन्। प्रक्रिया अगाडि नबढाउन्जेल दैनिक दिउँसो १ बजेदेखि ४ बजेसम्म धर्ना दिने कार्यक्रम तय भएको नेता समानीले बताए। उनले पोखरिया अस्पतालमा गाइनोको चिकित्सक भए पनि सो सम्बन्धी उपकरणाको अभावमा गर्भवती महिलाहरूको निजी अस्पतालमा महँगोमा उपचार गराउनुपर्ने बाध्यता रहेको बताए। सरकारी अस्पतालको सञ्चालन, व्यवस्थापन गतिलो तरीकाबाट गर्न सके सर्वसाधारणले पोखरिया अस्पतालबाट सहज र सरल तरीकाबाट सेवा लिन सक्ने उनले बताए। यसका लागि नगरपालिका संवेदनशील हुनुपर्नेमा उल्टो ध्यानाकर्षण गराउँदा पनि सुस्त भएकोमा उनले चिन्ता व्यक्त गरे। नेता समानीले पोखरिया नगरपालिका आम जनताको स्वास्थ्य सेवा दिने काममा गैरजिम्मेवार भएको आरोप लगाए।

# पाउने लोभमा आफ्नै गुमाइन् नूरजहाँले

प्रस, वीरगंज, ८ चैत/

लक्की ड्र परेको भन्दै ठगी गर्ने एक युवकलाई वडा प्रहरी कार्यालय, बिर्ताले आज पक्राउ गरेको छ।

पक्राउ पर्नेमा वीरगंज महानगर–२२ भवानीपुर निवासी २२ वर्षीय कृष्णकुमार तत्वा रहेको प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले बताए। सखुवापरसौनी गाउँपालिकाको कटेया देउरवाना निवासी नूरजहाँ खातुनसँग एक महीनाभित्र पटक–पटक गरी रु १२ लाख ठगेको आरोपमा तत्वालाई प्रहरीले पक्राउ गरी अनुसन्धान शुरू गरेको छ।

उनका पति विदेशमा छन्। उनले पठाएको रकम पटक–पटक गरी अहिलेसम्म ११ लाख ७० हजार आइएमईमार्फत तत्वा र राणा प्रतापलगायत १२ जनाको खातामा हालेको प्रमाणको आधारमा तत्वालाई पक्राउ गरेको प्रहरीले जनाएको छ। खातुनको मोबाइलमा दुई महीना अघि रु ५० लाख चिठ्ठा परेको भन्दै त्यसको कर बुझाए मात्र सो रकम तपाईंको खातामा जाने बताएपछि उनले भोलिपल्ट नै रु १ लाख २० हजार ठगहरूले भनेको ठाउँमा आइएमईमार्फत पठाएकी थिइन्। ठगको जालमा परेकी खातुनले पतिलाई पनि घटनाको जानकारी नदिई घरको सम्पत्तिसमेत बेचेर पहिले फसेको रकम निकाल्न पटक–पटक रकम दिएको बताइन्। अन्तिम समयमा तत्त्वाले अन्तिमपटक रु ७० हजार दिए तपाईंले पहिले दिएको रकमसहित रु ५० लाख दिने बताएपछि उनी प्रहरीकहाँ पुगेकी थिइन्। मामाघर छपकैया पुगेकी खातुनले सबै घटना बताएपछि मावलीले प्रहरीमा उजूरी गरेको र सोही आधारमा तत्वालाई पक्राउ गरी अनुसन्धान शुरू गरेको प्रहरीले जनाएको छ।

प्रहरी उपरीक्षक पाण्डेका अनुसार पक्राउ परेका तत्वाले ठगी गरेको प्रमाण भेटिएको र सो घटनामा नेपाल–भारतका १२ जना दोषी रहेको र उनीहरूको खोजी शुरू भएको प्रहरीले बताएको छ।




### मिथिलाञ्चलमा.....

फागुको गीतले 'ई देहिया होइहे छार, आनन्द करह, आनन्द करह (यो शरीर खरानी हुनेछ, आनन्द गर, आनन्द गर) होलिका दहनका दिनको खरानीको सेतो रङ्ग र त्यसपछि रङ्ग–अबीरको रङ्गमयताले जीवनको नश्वरता र त्यसले वर्तमानलाई नै मानवीय प्रेमको सन्देश दिइएको पाइन्छ।

होली पर्वमा विभिन्न धर्मावलम्बी सहभागी भएर यसको सांस्कृतिक पक्षलाई सबल र सशक्त बनाउँदै आएको देखिन्छ। यहाँसम्म कि अचेल हिन्दू र मुस्लिमसँगै मिलेर आपसमा अबीर दलेर, अङ्कमाल गरेर फागुको सद्भावना र शुभेच्छा सम्प्रेषित गरी पर्वमा सहभागी हुन्छन्। यसकारण पनि मिथिलाञ्चलमा अहिले फागुका गीतहरू यसरी प्रतिध्वनित भइरहेका छन् :

जनकपुर रङ्गमहल होरी
किनका के हाथ कनक पिचकारी
किनका के हाथ अबीर झोरी
रामके हाथ कनक पिचकारी
लक्ष्मण हाथ अबीर झोरी
जनकपुर रङ्गमहल होरी॥

## खेलकूदको संसार

### मेयर कप सप्तरी प्रिमियर लिग

# उद्घाटन खेलमा रूपनी राइडर्स विजयी

महबुब रजा, राजविराज, ८ चैत/

तेस्रो संस्करणको मेयर कप सप्तरी प्रिमियर लिग राजविराजमा शुरू भएको छ। लिग अन्तर्गत उद्घाटन खेलमा रूपनी राइडर्सले बोदे बर्साइन थन्डर्सलाई १३ रनले पराजित गऱ्यो।

राज रङ्गशालामा सम्पन्न खेलमा रूपनीले दिएको १४८ रनको लक्ष्य पछ्याउने क्रममा बोदे बर्साइनले पूरै २० ओभर ब्याटिंग गरेर सम्पूर्ण विकेट गुमाई १३४ रन मात्र बनाउन सक्यो।

बोदे बर्साइनको लागि नारायण जोशीले सर्वाधिक ३३ रन, कप्तान सिद्धान्त लोहनीले २४ रन, योगेन्द्र सिंह कार्की र विकास दासले समान १७ रन बनाए।

रूपनी राइडर्सको बलिङमा सुमित झाले सर्वाधिक ४ विकेट लिए। उनले ४ ओभर बलिङ गर्दै २५ रन दिए। अनिल




यादवले २ विकेट तथा फिरदोस अन्सारी, सुनिल धमला, कुशल भुर्तेल र अनुजकुमार यादवले समान १ विकेट लिए।

टस हारेर ब्याटिङ गरेको रूपनी राइडर्सले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १४७ रन बनाएको थियो।

रूपनीको लागि ओपनर सुनील धमलाले सर्वाधिक ५४ रन बनाए, जुन क्रममा ३७ बलमा ५ चौका र ३ छक्का प्रहार गरे। नीरज मुखियाले १९ रन, अनिल यादवले अविजित १७ रन, अनुज यादवले अविजित १५ रन तथा कुशल भुर्तेलले १२ रन बनाए।

बोदे बर्साइनको बलिङमा अफस्पिनर विशाल सुश्लिंगले सर्वाधिक ३ विकेट लिए। उनले ४ ओभर बलिङ गर्दै २६ रन दिए। नारायण जोशी, पप्पु यादव र वसन्त रेग्मीले समान १ विकेट लिए।

खेलको प्लेयर अफ द म्याच सुनील धमला चुनिए।

लिग अन्तर्गत सोमवार दुई खेल सञ्चालन हुनेछ। बिहान ९ बजे शुरू हुने पहिलो खेलमा दिपेन्द्र ऐरीको कप्तानीमा तिलाठी कोइलाडी जायन्ट्स र पवन सर्राफको कप्तानीमा बजाज खडक वारियर्स तथा दिउँसो १ बजे हुने खेलमा मेहबुब आलमको कप्तानीमा टिभिएस किंग्स राजविराज र सिद्धान्त लोहनीको कप्तानीको बोदे बर्साइन थन्डर्सले प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगिताको उद्घाटन राजविराज नगरपालिकाका मेयर शम्भु यादवले ब्याटिङ तथा उपमेयर साधना झाले बलिङ गरेर गरेका थिए। उद्घाटन समारोहमा सप्तरीका प्रमुख जिल्ला अधिकारी फणीन्द्रमणि पोखरेल, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंह, रूपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव, बोदे बर्साइन नगरपालिकाका मेयर आतेषकुमार सिंह, भीम दल गणका कर्नेल नीरज भण्डारी, सशस्त्र प्रहरी बलका उपरीक्षक राजु श्रेष्ठ, राजविराज नगरपालिकाका वडा अध्यक्षहरू समीरकुमार झा, जयनारायण मण्डल, प्रदेश–२ क्रिकेट सङ्घका अध्यक्ष हीरा भगत, नेपाल क्रिकेट सङ्घका पूर्व केन्द्रीय उपाध्यक्ष शैलेशकुमार चौधरी, न्यु राजलक्ष्मी ज्वेलर्सका प्रोपाइटर शत्रुघ्नकुमार ठाकुर लगायतको उपस्थिति थियो।

# निजगढ खानेपानी संस्थाको साधारणसभा सम्पन्न

प्रस, निजगढ, ०७ चैत्र/

निजगढ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको शनिवार ७ औं साधारणसभा सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि एवं निजगढ नगर प्रमुख सुरेशकुमार खनाल रहेका थिए।

प्रमुख अतिथि खनालले निजगढमा बस्ती विस्तार तीव्र गतिमा बढ्दै गएको बताउँदै खानेपानीको आपूर्तिलाई विशेष ध्यानमा राखी अघि बढ्नुपर्ने बताए। बर्सेनि तीन/चार सय पक्की घर थपिंदै छन्। त्यसै अनुपातमा जनसङ्ख्या पनि बढिरहेको छ। व्यवस्थितरूपमा खानेपानी घर–घरमा पुऱ्याउन अहिलेदेखि नै योजना बनाएर अघि बढ्नुपर्छ। यसका लागि नगरपालिकाले खेल्नुपर्ने भूमिकामा आफू पछि नपर्ने उनले बताए।

कार्यक्रमकी विशिष्ट अतिथि एवं निजगढ नगर उपप्रमुख लीलादेवी लामिछानेले अबको आउँदो खानेपानी चुनौतीको सामना गर्नेगरी योजना बनाउनु आवश्यक भइसकेको उनले बताइन्। अहिले भएका संरचनाले आउँदो केही वर्ष थेग्न सक्छ। त्यसपछि यहाँ खानेपानीकै समस्या आउन सक्छ। वैकल्पिक उपायको खोजी गर्दै दीर्घकालीन योजना बनाउनसमेत उनले आग्रह गरिन्।

स्वागत संस्थाका उपाध्यक्ष बेनीबहादुर मोक्तानले गरेका थिए। विभिन्न राजनीतिक दल, सङ्घसंस्थाका अध्यक्ष एवं प्रतिनिधिहरूले मन्तव्य व्यक्त गरेका थिए। सो संस्थामा हालसम्म ४ हजार ७७९ उपभोक्ता, ४ हजार ७५९ निजी र २० सामुदायिक धारा छन्। जसमा तीनवटा पानीट्यांकी, ८ वटा बोरिङ र सातवटा पम्प हाउस छन्। हालसम्म १३० किलोमिटर पाइप लाइन विस्तार भइसकेको जनाएको छ।



तस्वीरः प्रतीक

अव्यवस्थित खानेपानी पाइप व्यवस्थित गर्ने, साना शहरीकरण खानेपानी योजना सञ्चालन गर्ने योजना रहेको जनाइएको छ। त्यसैगरी विद्युत् प्राधिकरणलाई ५५ लाख २६ हजार तिर्न बाँकी रहेको र ४३ लाख बक्यौता उठाउन बाँकी रहेको जनाइएको छ।

निजगढ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष सुदर्शन कोइरालाको अध्यक्षतामा भएको सो कार्यक्रमको सञ्चालन संस्थाका सचिव महेश्वर अधिकारीले गरेका थिए।

### थरुहट क्षेत्रका.....

निवासी किसान रवीन्द्र श्रेष्ठले १४ कट्ठामा चैते धान रोपेको बताए। उनले चैते धान ९० दिन (तीन महीना)मा तयार हुने हुँदा असारको दोस्रो साता उत्पादन भित्र्याउने र भदैया धान लगाउन सकिने बताए।

एउटै जग्गामा दुई बाली धान र एक बाली सुर्ती, तोरी खेती गर्दै आएको किसान श्रेष्ठले बताए।

ठोरी गापा–५ मा पर्ने सुवर्णपुर, छिरिङलाइन, क्षात्रीलाइन, गडुवालाइनलगायत क्षेत्रमा पनि असारमा लगाउने भदैया धानजस्तै चैते धान खेती भइरहेको छ।

स्थानीय मुना मगरले चैते धान खेतीमा किसानहरूको उत्साह बढेको बताइन्। उनले गत वर्ष वर्षाको कारण भदैया धानबालीमा क्षति पुगेको र त्यसको पूर्ति चैते धानखेतीबाट गर्नेगरी लागिपरेको बताइन्। केही किसानहरूले धान बाली भित्र्याएर चैते धान लगाउन शुरू गरेका छन्।

पटेर्वासुगौली गापा–२ मकवानीटोल निवासी किसान बिगा रामले चैते धानको रोपाइँ शुरू गरिएको बताए। उनले आफ्नो क्षेत्रमा सबै किसानको लागि बीउको ब्याड तयार नभएको कारण केहीलाई समस्या भएको बताए। उनले दुई साताभित्र चैते धानको रोपाइँ आफ्नो क्षेत्रमा हुने बताए।

यो क्षेत्रमा सिंचाइको राम्रो व्यवस्था भएकोले पनि चैते धान खेतीमा किसानहरूको आकर्षण बढेको हो।

आकाशे पानीको भर नपरी खोलानालाबाट सिंचाइ गर्न सकिने हुनाले थोरै खर्चमा भूमिगत सिंचाइको सुविधा लिंदै किसानहरूले चैते धान रोपाइँ गर्दै आएका हुन्।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |